# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ पर्वत

## प्लास्टिक घर निर्माणका लागि प्लास्टिक खरिदको सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना

प्रकाशित प्रथम पटक प्रकाशित मिति :२०७७।१२।३१

यस कार्यालयको लागि आ.व. २०७७/०७८मा नगर क्षेत्र भित्रका किसानहरुको लागि ( टनेल हाम्रो उत्पादन तपाईको ) कार्यक्रम अन्तर्गत ३६५ थान प्लास्टिक टनेल, सिलवन्दी दरभाउपत्र मार्फत खरिद गर्नु पर्ने भएको हुंदा इच्छुक विक्रेता, फर्म एवं कम्पनीले रितपूर्वकको शिलवन्दी दरभाउपत्र यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा पेश गर्न आव्हान गरिन्छ ।

| क.स | विवरण | प्लास्टिकको साईज | जि.यस.यम | कैफियत |
|---|---|---|---|---|
| १ | टनेल प्लास्टिक | लम्बाई :१० मिटर, चौडाई : ६मिटर | १२० GSM | |

१) दरभाउ फारम यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र नेपाल सरकारबाट इजाजत प्राप्त अधिकृत बिक्रेता तथा फर्म एवं कम्पनीहरुले लिखित निवेदन र फारम बापतको दस्तुर रु.१०००। (एक हजार मात्र) फलेवास नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ग.१.१ ३५४०१००३०१०१०००२ माजम्मा गरेको रसिदको आधारमा प्राप्त गरिने छ ।

२) दरभाउ पत्रदाताले चालु आ व को लागि नविकरण भएको फर्मदर्ता प्रमाणपत्र, मु अ कर दर्ता प्रमाण पत्र, आ व ०७६।०७७को कर चुक्ता प्रमाणपत्र, कालोसुचीमा नपरेको स्वयं घोषणा पत्रका साथबोल कबोल बापतको जमानत रकम फलेवास नगरपालिकाको धरौटी खाता नं. ग–३ ३५४०१००३०३००००२ राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखा पर्वतमा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ वावाणिज्य बैंक बाट जारी गरेको १२० दिन मान्य हुने बैंक जमानत (बैंक ग्यारेन्टी) पत्र पेश गर्नु पर्नेछ ।

३)दरभाउपत्र सिलवन्दी हुनु पर्ने छ ।

४) दरभाउ फारम अधिकार प्राप्त व्यक्तिले दस्तखत गरी यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजे सम्म यस कार्यालयमा बुझाउनुपर्ने छ र सिलबन्दी दरभाउपत्र सोहि दिनको १३:०० बजे उपस्थित दरभाउपत्रदाताको रोहबरमा यसै कार्यालयमा खोलिने छ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि तोकिएको समय र मितिमा दरभाउपत्र खोलिने छ । दरभाउपत्र फारम खरिदगर्ने, दाखिला गर्ने तथा खोल्ने दिन बिदा परेमा सो कार्य भोलिपल्ट सोहि समयमा हुनेछ ।

५)यस कार्यालयबाट प्राप्त दरभाउपत्र फारममा प्रति इकाई मूल्य अंक र अक्षर दुवैमा उल्लेख भएको हुनु पर्ने छ । केरमेट भएमा अक्षरमा लेखिएको रकमलाइ मान्यता दिइने छ ।

६) दरभाउपत्र फाराम साथ उपलब्ध गराउने प्लाष्टिक टनेल यस कार्यालयको टेक्निकल स्पेशिफिकेशन बमोजिम गुणस्तरीय हुनु पर्ने छ ।

७) रितपूर्वक नआएको एवं म्याद नाघी आएको दरभाउ छनौट प्रक्रियामा समावेश हुने छैन ।

८) यस सुचनामा उल्लेखित नभएको विषयमा सार्वजनिक खरिद ऐन २०६३ तथा फलेवास नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम ९५ बमोजिम हुनेछ ।

९) कुनै विवाद भएमा फलेवास नगरपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

| क.स. | ठेक्काको बिबरण | स्वीकृत लागतअनुमान (मु.अ.क.समेत) | धरौटी रकम | खाता नं. |
|---|---|---|---|---|
| १ | टनेल प्लास्टिक खरिद | १९७१०००। | ४९२७५। | ग–३–३५४०१००३०३००००२ |

प्रमुख प्रशासकीय अधिकृत